# मार्मा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
लटिनाथ, दार्चुला
सुदूर पश्चिम प्रदेश, नेपाल


पत्र संख्या : २०७९/०८०
सुचना नं. २६

मितिः२०८०-०३-३१

## सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्ने सम्बन्धी अत्यान्त जरुरी सुचना!!!

उपरोक्त विषय सम्बन्धमा सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बजेट निकासा हुँदै आएको र आ.व. २०७९/०८०मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका लाभग्राहीहरुले आ.व. २०८०/०८१ मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागी आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा स्वंयम उपस्थितभई तोकीएको ढाँचामा निवेदन दिई श्रावण १ गते देखि भाद्र मसान्त सम्म अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउन हुन सुचित गरिन्छ, यदि लाभग्राहीहरुले तोकिएको समयमा आफ्नो सामाजिक सुरक्षा भता परिचयपत्र नविकरण नगराएमा MIS प्रणालीबाट नामावली स्वतः हट्ने छ र पुनः नयाँ लाभग्राहीका रुपमा नाम दर्ता गर्नुपर्नेछ, सो बिचको अवधिको सामाजिक सुरक्षा भता प्राप्त हुने छैन ।

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरुः**

- जेष्ठ नागरिक अन्य तथा जेष्ठ नागरिक दलितको हकमा नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि,
- जेष्ठ नागरिक एकल महिलाको हकमा नेपाली नागरिता प्रमाण पत्रको प्रतिलिपि,पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ,
- विधुवा महिलाको हकमा नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपि, पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि,अर्को विवाह नगरेको वडाबाट सिफारिसको प्रतिलिपि,
- सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेको महिलाको हकमा नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपि,सम्वन्ध विच्छेद दर्ता प्रमाण पत्रको प्रतिलिपि,
- न्यायिक पृथकीकरण गरि बसेकी महिलाको हकमा नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपि न्यायिक पृथकीकरण भएको प्रमाण पत्र ,
- विवाह नगरेको महिलाको हकमा नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपि वडा कार्यालयको सिफारिस पत्र,
- अपाङ्गता भएका व्यक्तिको हकमा नावालिग भएमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि नागरिता प्राप्त गरेको भए नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपि,र मार्मा गाउँपालिकाबाट जारि भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (क) वर्गको हकमा अपाङ्गता भएको व्यक्तिको संरक्षकको नागरिता प्रमाणपत्रको प्रतिलिपि ,
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि र संरक्षकको नेपाली नागरिता प्रमाण पत्रको प्रतिलिपि ,
- सबै लाभग्राहिहरुको लक्ष्मी सनराईज बैंकमा खोलिएको खाता नम्वर र १ प्रति फोटो अनिवार्य ल्याउनु पर्ने छ ।

**थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा मार्मा गाउँपालिका ,लटिनाथ दार्चुला र मो.नं. ९८४३०३९७५२ मा समेत सम्पर्क गर्न सकिनेछ ।**

**मार्मा गाउँपालिका**
**सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा**
**लटिनाथ, दार्चुला**

**राम कुमार राना**
**नि. प्रमुख प्रशासकीय अधिकृत**
राम कुमार राना
नि. प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ९७५९५०३७७३ **Email : rm.marma.darchula@gmail.com** **Web. www.marmamun.gov.np**